# लिसंखु पाखर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

मिति :२०७७/०९/१४

पत्र संख्या :४८/०७७/०७८
चलानी नं. : ८४६

**विषय: विद्यालयको लेखापरिक्षण सम्वन्धमा ।**

**श्री सम्बन्धित विद्यालयहरु**
**लिसंखुपाखर गाउँपालिका, सिन्धुपाल्चोक**

प्रस्तुत विषयमा यस गाउँपालिकाभित्रका विद्यालयहरुमा आ.व. २०७५/७६ सम्मको आ-आफ्नो विद्यालयको लेखापरिक्षण गर्न दर्तावाला लेखापरिक्षकहरु तोकिएको तथा गाउँपालिकाबाट तोकिएकै लेखापरिक्षकहरुबाट लेखापरिक्षण गराई सो लेखापरिक्षणको प्रतिवेदन यस गाउकार्यँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेमा पटक पटक मौखिक तथा सुचना जारी गरी ताकेता गर्दा समेत केही विद्यालयहरुबाट लेखापरिक्षण प्रतिवेदन पेश नगरिएकोमा सो विषयमा बूझ्दा केही विद्यालयहरुले लेखापरिक्षण नगराएको भन्ने बुझिन आएको छ । सार्वजनिक निकायले प्रचलित नियमानुसार आफ्नो कारोबारको वार्षिक रुपमा लेखापरिक्षण गरि गराई सो को प्रतिवेदन सम्वन्धित निकायमा पेश गर्नु पर्नेमा सो नभएको प्रति यस गाउँपालिकाको ध्यानाकर्पण भई यसरी लेखापरिक्षण नगराउने विद्यालयहरुको निकासा रोक्का गर्ने भनि मिति २०७७/०९/१३ गते निर्णय भएको व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराइएको छ । यस सम्बन्धमा लेखापरिक्षण प्रतिवेदन बुझाउन बाँकी विद्यालयहरुले अविलम्व लेखापरिक्षण बुझाउन र लेखापरिक्षण गर्न बाँकी विद्यालयहरुले तोकिएको लेखापरिक्षक बाट अविलम्व लेखापरिक्षण गराई प्रतिवेदन पेश गर्नुहुन सुचित गरिन्छ । साथै लेखापरिक्षण प्रतिवेदन प्राप्त नभएसम्म विद्यालयका आगामी निकासाहरु रोक्का गर्ने निर्णय भएको व्यहोरा समेत सुचित गरिन्छ ।

पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री आर्थिक प्रशासन शाखा ,लिसंखुपाखर गाउँकार्यपालिकाको कार्यालय